मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**साधरणसभा सम्बन्धी सूचना**

यस जामे मस्जिद समिति, हेटौंडा-४ को साधारण सभा तथा अधिवेशन तपशिल बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले अनिवार्य उपस्थित भई दिनुहुनुको लागि सम्पूर्ण साधारण सदस्यहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति:** २०८१।११।१६ गते शुक्रबार
**स्थान:** जामे मस्जिद समिति, हेटौंडा-४, भैरवरोड
**समय:** दिउँसो २:०० बजे ।

जाकिर हुसेन
सचिव
**जामे मस्जिद समिति**
हेटौंडा-४, मकवानपुर
सर्म्पक नं. : ९८४५०३०८०२

# सात वर्षपछि साधारणसभा गर्दै नारायणी यातायात व्यवसायी संघ

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारणसभा तथा १६ औं अधिवेशन फागुन १७ गते शनिबार हेटौंडामा हुने भएको छ । पुरानै लयमा फर्कने प्रयास गर्दै संघले साधारणसभा र अधिबेशन गर्न लागेको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा पल्पसा सभागृहमा उद्घाटन कार्यक्रम हुने बिहीबार संघमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । साधारणसभाका दिनमा नेपाल मेडिसिटी अस्पताल काठमाडौंका विशेषज्ञ डाक्टरको टिमबाट ब्यवासयीको स्वास्थ्यपरीक्षण पनि हुने नारायणी यातायात व्यवसायी संघका महासचिव सरोजकुमार खनालले जानकारी दिएका छन् । यातायात ब्यवसायी र ब्यवसायीका परिबारको नि:शुल्क स्वास्थ्य परीक्षण गरिने बताइएको छ ।




पत्रकार सम्मेलनमा संघका अध्यक्ष हीरालाल श्रेष्ठले सेवामूलक संस्था भएपनि संघले नेपाल सरकारलाई कर तिर्दै आइरहेको बताए । अहिले पनि ठूलो रकम (करिव पौने दुई करोड रुपैयाँ) नेपाल सरकारलाई कर तिनुपर्ने र आर्थिक अभाव रहेका कारण भरतपुरको रामनगरमा रहेको जग्गा बिक्री गरेर करचुक्ता गर्ने विषयमा छलफल भइरहेको अध्यक्ष श्रेष्ठले बताए । साधारणसभामा भारतीय ट्रकको निर्बाध ढुवानीका कारण नेपाली ट्रक ब्यवसायीले काम पाउन नसकेको, सरकारले सडक ईजाजतपत्र दिने प्रक्रियागत झण्झटका विषयमा छलफल गरिने भएको छ ।

संघको मुख्य कार्यालयमा संचारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष श्रेष्ठले पञ्जीकरणमा देखिएका समस्या, २०६६ देखि एउटै बीमा ऐनका कारण समयानुकूल परिवर्तन गर्ने विषय, दुर्घटनाका विषयमा छलफल हुने बताए । करिव पौने २ करोड रुपैयाँ कर तिर्नुपर्ने भएपछि संघको भौतिक सम्पत्ति बिक्री गरेर मात्रै करचुक्ता गर्न सकिने अवस्था रहेको अध्यक्ष श्रेष्ठले बताए । २०७७ चैत्र ७ गते ३५ औं वार्षिक साधारण सभा गरेपछि संघले आगामी फागुन १७ गते शनिबार ३६ औं साधारण सभा गर्ने क्रममा पत्रकार सम्मेलन आयोजना गरेको हो ।

साधारणसभा तथा अधिवेशन सम्पन्न गर्न संस्था नबीकरण हुनुपर्ने, नबीकरण गर्न करचुक्ता चाहिने, करचुक्ता गर्न भौतिक सम्पत्ति बिक्री नगरी सम्भावना नरहेको जस्तो जटिल अवस्था आएकोले साधारणसभाको म्याण्डेट लिएर रामनगरको जग्गा बिक्री गर्न लागेको अध्यक्ष श्रेष्ठले बताए । संघले बिगतका दिनमा मालबाहक सवारीसाधनको भारबहन परीक्षण गर्नका लागि रामनगरमा तौलपुल राख्ने उद्देश्यले जमिन खरिद गरेको थियो । पछिल्ला दिनमा सडकमा सवारी चाप तीब्ररुपमा बृद्धि भएको र सवारी दुर्घटना हुनेबित्तिकै चालकलाई दोष दिने परम्परा कायम भएका कारण यातायात ब्यवसायी समस्यामा परेको बताइएको छ ।

सवारी साधनको चापका आधारमा सडक फराकिलो बनाउने, दुर्घटनग्रस्त क्षेत्रमा बिभिन्न संकेतहरु प्रयोग गर्ने, आवश्यक स्थानमा चालकलाई रिफ्रेसमेन्ट सेन्टर निर्माण गर्ने लगायतका अभियान सरकारले संचालन गर्नसपर्ने अध्यक्ष श्रेष्ठले बताए । सरोकारवाला यातायात ब्यवसायीलाई पूर्णरुपमा वेवास्ता गरी यातायात व्यवस्था विभागले 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैसाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका सम्पूर्ण संघसंस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो ।

देशभरका यातायात ब्यवसायसँग सम्बन्धित सम्पूर्ण संघसंस्था तथा समितिहरु एकसाथ खारेज गरेको थियो । यातायात क्षेत्रमा हुने सवारी दुर्घटनाको सहजीकरण गर्दै आएको संघ खारेज गर्ने कार्यसँग संघको कार्यालयमा धरपकड गर्ने, पदाधिकारीलाई पक्राउ गर्ने जस्ता कदम सरकारले उठाएपछि यातायात ब्यवसायी पीडामा परेका थिए । सरकारले संघको संरचना खारेज गरी बैंक खाता रोक्का गरेपछि साविक नारायणी यातायात व्यवसायी संघको पूर्णबैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले ब्यवसायीको समस्या समाधानको प्रयास गर्दै आएको महासचिव खनालले बताएका छन् ।

२०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा गैरनाफामूलक कम्पनीका रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । संघको गतिबिधि पुरानो लयमा फर्केपछि साधारणसभा तथा अधिवेशन गर्ने तयारी गरिएको बताइएको छ ।

# बाढीले क्षतिग्रस्त कुलेखानीको सीमखोलामा बेलिब्रिज बन्ने

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/गत असोज ११ र १२ गतेको अविरल वर्षासँगैको बाढीले क्षतिग्रस्त बनाएको कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सीमखोलामा बेलिब्रिज बन्ने भएको छ ।



बेलिब्रिज निर्माणका लागि बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले टेन्डर आह्वान समेत गरिसकेको छ । बेलिब्रिज राख्न र पहुँचमार्ग निर्माण गर्नका लागि एक करोड ७९ लाखको टेन्डर आह्वान गरिएको हो । 'कुलेखानी ड्याममुनिको सीमखोलामा भीमफेदी गाउँपालिका-६ स्थित माण्डुखोलामा रहेको बेलिब्रिज निकालेर हाल्ने छौं', यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रवक्ता चन्द्रदेव भट्टले जानकारी दिए ।

माण्डुखोलाको बेलिब्रिज निकालेर ल्याउने र सीमखोलामा पुल अड्याउनका लागि निर्माण गरिने पक्की टेको र पहुँचमार्ग निर्माण गर्न टेन्डर निकालिएको उनको भनाई छ । माण्डुखोलामा पक्किपुल निर्माण गरेर सञ्चालनमा आइसकेकाले त्यसस्थानमा रहेको बेलिब्रिज प्रयोगविहीन अवस्थामा छ । पूर्वाधार निर्देशनालयका एक प्राविधिकका अनुसार सीमखोलामा करिब ५० मिटर लामो बेलिब्रिज हालिँदै छ । 'वर्षायाम सुरु हुनुअघि नै पुल राख्ने काम र पहुँचमार्ग निर्माण गरिसक्छौं', यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख नवीन सिंहले भने ।

वर्षायाम अगावै सीमखोलामा पुल निर्माण र पहुँचमार्ग बनेन भने हेटौंडाबाट काठमाडौं भित्रिने सबै वैकल्पिक मार्ग अवरुद्ध हुनेछ । भारी वर्षासँगै कुलेखानी भरिएपछि 'ओभर फ्लो' रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सीमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो । अहिले खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको छ ।

हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने छोटो मार्गकारुपमा रहेको फाखेल र सिस्नेरीको बाटो प्रयोग गर्नका लागि यो पुल भएर आवतजावत गर्नुपर्छ । दैनिक रुपमा यस बाटोमा मोटरसाइकल र सानासवारी गरी ३ हजारभन्दा बढी गुड्ने गरेका छन् । ईन्द्रसरोवर गाउँपालिका-२ का वडाध्यक्ष सुमन श्रेष्ठले तत्कालका लागि बेलिब्रिज हालेर सवारी आउजाउमा सहज गरिएपनि दीर्घकालीन समस्या समाधानका लागि पक्कीपुलको आवश्यकता रहेको बताए । 'कुलेखानीको ड्यामबाट हुनसक्ने सम्भावित क्षतिलाई समेत मध्यनजर गरी अब पक्कीपुल निर्माण गर्नुपर्छ,' उनले भने ।

# गाँजा र अफिम सहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुर प्रहरीले अबैध लागूऔषध गाँजा र अफिमसहित एकजना सवारी चालकलाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय मनहरी र प्रहरीचौकी सुनाचुरी मकवानपुरबाट खटिएको संयुक्त प्रहरीटोलीले जिल्ला मकवानपुर मनहरी-६, नयाँबस्तीस्थित पूर्वपश्चिम राजमार्ग सडकखण्डमा साइड लगाएर राखेको बा.७ च ७०१८ नम्बरको जीपलाई शंका लागेर जाँच्दा अवैध लागूऔषध अफिम र गाँजा फेला पारेर नियन्त्रणमा लिएको थियो । जीपबाट गाँजा ३१ किलो ५६० ग्राम, अफिम ६ किलो १६० ग्राम र चरेस बनाउने धुलो (पोल्यान्ड) १२७ किलो ९४० ग्राम फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् ।

प्रहरीले लागूऔषध तथा जीपसमेत नियन्त्रणमा लिएपनि तत्काल फागुन १० गतेदेखि फरार रहेका जीप चालकको खोजतलास तथा अनुसन्धानको क्रममा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-९ घरभइ हाल काठमाडौं-१३, पेप्सीकोला बस्ने ३८ वर्षीय लालबहादुर तामाङलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरिएको हो ।

मकवानपुर प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुसँगको समन्वयमा काठमाडौं गोकर्णेश्वर-४, जोर पाटीबाट उनलाई पक्राउ गरेको थियो । इलाका प्रहरी कार्यालय मनहरीबाट यस विषयको अनुसन्धान भइरहेको प्रवक्ता अर्यालले जानकारी दिएका छन् ।

# नगरमा महिला शिक्षक भलिवल प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ नगरमै पहिलोपटक महिला शिक्षक भलिवल प्रतियोगिता आयोजना हुने भएको छ । नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौडाको आयोजनामा फागुन १६ र १७ गते महिला शिक्षक कर्मचारी मैत्रीपूर्ण भलिवल प्रतियोगिता आयोजना हुन लागेको हो ।

आधुनिक राष्ट्रिय माविको खेलमैदानमा आयोजना हुने प्रतियोगितामा १० विद्यालयको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई क्रमश: ७ हजार, ५ हजार र ३ हजार नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने नगरस्तरीय शैक्षिक समन्वय समितिका अतिरिक्त क्रियाकलाप संयोजक बालकुमार श्रेष्ठले जानकारी दिएका छन् ।




प्रतियोगिताको उत्कृष्ट खेलाडी १ जनालाई ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । बिहीबार नै खेलतालिका पनि सार्वजनिक गरिएको छ । उद्घाटन खेल ज्योति माध्यमिक विद्यालय हर्नामाडी र सिद्धार्थ मावि बीच हुनेछ । प्रतियोगितामा हेटौंडा-६ को श्रीकृष्ण आधारभूत विद्यालय, वंशगोपाल मावि, भूटनदेवी मावि, चन्द्रोदय मावि, आधुनिक राष्ट्रिय मावि, त्रिभुवन मावि, प्रगति मावि, जनप्रिय मावि पनि सहभागी छन् ।

जिल्ला भलिवल संघको प्राविधिक सहयोगमा प्रतियोगिता आयोजना हुन लागेको हो । प्रतियोगिता सञ्चालनका लागि ७० हजार खर्चहुने आयोजकको अनुमान छ । महिला शिक्षकलाई हेर्ने नजर परिवर्तनका साथै सहभागी विद्यालय बीच सम्बन्ध सुमधुर बनाउन प्रतियोगिता आयोजना गरिएको नगर स्तरीय शैक्षिक समन्वय समिति अध्यक्ष भोगेन्द्र लुईटेलले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**आजका कलाकारहरु**
- दुर्गेश थापा
- रमेशराज भट्टराई
- सरोज लामिछाने
- विनय कुमार कार्की
- रमेश श्रेष्ठ

साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्थ पार्टनर: शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

**CONSTRUCTION EXPO-2**
**दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१**
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरू**
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# जीपलाईन निरन्तरताको आधार खोई ?

मकवानपुरको बिकट मानिने कैलाश गाउँपालिकाले जीपलाइन निर्माण गरेको छ । पर्यटक आकर्षित गर्न गाउँपालिकाले ८८ लाख रुपैयाँ लगानीमा जीपलाइन निर्माण गरेको हो । पालिकास्तरबाटै निर्माण भएका जीपलाइन यो पहिलो हो । राजमार्गको छेवैमा रहेको सुबिधासम्पन्न मकवानपुरगढीको जीपलाईनमा पर्यटकको कमीका कारण निरन्तर संचालन हुन सकेको छैन भने कैलाश गाउँपालिका–२ कैलाशमा निर्माण गरिएको जीपलाइन निरन्तर संचालन हुने आधार भने पर्याप्त छैन । जीपलाइनको छिट्टै प्रारम्भिक परीक्षणकार्य सञ्चालन गरिँदैछ । जीपलाइनको काम सकिएको र बाहिरका जीपलाइनसम्वन्धी प्राविधिक ल्याएर परीक्षण सञ्चालन गर्ने तयारी गरिरहेको गाउँपालिकाले बताएको छ । जीपलाइनको प्रारम्भिक परीक्षण सफल भएपछि पनि नियमित सञ्चालनका लागि केही समय लाग्ने गाउँपालिकाले जनाएको छ ।

जीपलाइन चढ्ने र ओर्लने स्थानमा शौचालयलगायत पूर्वाधारहरु निर्माण गर्न बाँकी रहेको बताइएको छ । ८८ लाख ५६ हजार रुपैयाँमा ठेक्का लिएर २०८० चैत २ गते सम्झौता गरेको निर्माण कम्पनीले २०८१ फागुन ३० गतेसम्म निर्माण गरी सक्नुपर्ने समयावधि तोकिएको थियो । निर्माणस्थल भौगोलिक रुपमा दुर्गम भएपनि तोकिएको समयमै सम्पन्न गरेको गाउँपालिकाका प्राविधिकले बताएका छन् । कैलाश गाउँपालिकाको बैकुण्ठमा बिगत लामो समयदेखि बैकुण्ठ महोत्सव आयोजना हुँदै आएको थियो । जिपलाइन बनेपछि कैलाश–२ को मात्र नभई समग्र कैलाश गाउँपालिकाको पहिचान बढ्ने र पर्यटन प्रवर्द्धनमा पनि ठुलो टेवा पुग्ने गाउँपालिकाको भनाई छ । विष्णुकुण्ड, गुरु पद्मसम्भवको प्रतिमा, डाँफे मुनाल पार्क, ऐतिहासिक सतिघाट, भाइरल पिङलगायत पर्यटकीय आकर्षणहरु रहेको वैकुण्ठमा जिपलाइन अर्को ठुलो आकर्षण बन्ने गाउँपालिकाको अनुमान हो । तर, कैलाशको बैकुण्ठमा पुग्ने पर्यटकको संख्या कति छ त ? वार्षिक रुपमा त्यहाँ पुग्ने पर्यटकको संख्या र तीमध्य पनि जिपलाईनमा रमाउने पर्यटक कति हुने ? यस्ता प्रश्नमा गाउँपालिकासँग कुनै योजना र भिजन देखिएको छैन । ग्रामीण क्षेत्रमा निर्माण गरिएको जीपलाइन निरन्तर संचालनका लागि दैनिक सयौंको संख्यामा पर्यटक आउनुपर्ने हुन्छ । ती पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण पनि जरुरी छ । प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक पर्यटनको केन्द्र वैकुण्ठ कैलाश अब साहसिक पर्यटनको गन्तव्य पनि बन्ने भनेर मात्र पर्यटक आउने होइन । देशकै लामो जिपलाइन बनेपछि देशभरिकै आन्तरिक पर्यटकको ध्यानाकर्षण गर्ने र बाह्रय पर्यटकको समेत आगमन बढ्ने स्थानीयको विश्वास छ ।

जीपलाइनको के कसरी नियमित अप्रेशन तथा ब्रेकिङ सिस्टम बारेमा अध्ययन गर्न गाउँपालिकाको टोली कास्कीको सराङकोटमा सञ्चालित जीपलाइन अध्ययन अवलोकन गर्न गएका थिए । मकवानपुरमा मकवानपुर गढीमा निजी क्षेत्रबाट ४ वर्षअघि जीपलाइन सञ्चालन गरिएको थियो । त्यो अहिले बन्द अवस्थामा छ । कैलाश गाउँपालिकामा निर्माण गरिएको जीपलाइन पुग्न मनहरी बजार, त्रिभुवन राजपथको चुनियाँ र थाहा नगरपालिकाको शिखरकोटबाट सवारी साधनमा २ घन्टा लाग्छ । वर्षात्को समयमा बैकुण्ठसम्म पुग्नका लागि सडकका कारण समस्या रहेको छ । स्थानीयले भन्दा पनि कैलाश बाहिरका पर्यटक भित्राउनका लागि गाउँपालिकाले बिभिन्न खालका योजना ल्याउने तयारी गरिरहेको बताइएको छ । होमस्टे, अर्गानिक खाद्यान्ह, स्थानीय उत्पादनलाई कोसेलीको रुपमा पर्यटकले खरिद गर्नसक्ने ब्यवस्था मिलाइने गाउँपालिकाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १७ गते शनिबार २९ फेब्रुअरी २०२५ । द्वितीया, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:३०, सूर्यास्त ६:०३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# ‘फाइभ–जी’को प्रतीक्षामा उपभोक्ता



✍ दुनबहादुर बुढाथोकी

सन् १९४० को पूर्वार्द्धमा मोटरल्ला कम्पनीले वाकिटाकी प्रविधिको विकास गरेको थियो । यो आफैँमा शून्य-जी पुस्ताको मोबाइल थियो । सन् १९४०-१९८० को अवधिमा विश्वमा मोबाइल प्रविधिले खासै छलाङ मार्न सेकेको पाइँदैन । त्यसैले, सन् १९४०-१९८० लाई शून्य-जी (जिरो-जी) अवधि मानिन्छ । सन् १९८० पश्चात् औसत १० वर्षको अन्तरालमा मोबाइल प्रविधिमा कोल्टो फेराइ हुने गरेको पाइन्छ ।

वस्तुत: शून्य-जी नाममात्रको मोबाइल प्रविधि थियो । सोही कारण वैज्ञानिकहरु पहिलो पुस्ताको वायरलेस प्रविधिको (वान-जी) खोजमा जुटे । सन् १९७९ मा जापानी कम्पनी निप्पन टेलिग्राफ एन्ड टेलिफोनले टोकियो नगरमा पहिलोपटक वान-जी प्रविधि प्रारम्भ गरेको थियो । प्रारम्भको ५ वर्षभित्र जापानभर वान-जी प्रविधिमा आधारित मोबाइल वितरण भयो । सन् १९८१ मा डेनमार्क, फिनल्यान्ड, स्वेडेनमा समेत वान-जी प्रविधि शुरुवात भयो । सन् १९८३ मा अमेरिकाले सिकागो शहरमा वान-जी प्रविधि आरम्भ गऱ्यो । सन् १९८५ मा बेलायत, मेक्सिको तथा क्यानडाले समेत वान-जी प्रविधि शुरुवात गरे । यसरी सन् १९८०-१९९० को अवधिमा विश्वका अन्य मुलुकहरुमा समेत वान-जी प्रविधि विस्तार हुन पुग्यो ।

वान-जी आफैँमा एनालग रेडियो सिग्नलमा आधारित प्रविधि थियो । वान-जी प्रविधिमा डाटा सुविधा उपलब्ध नहुनु, आवाजको गुणस्तर कमजोर हुनु, ब्याट्री कम खप्नु, कम तौलको सेलफोन विकास नभइसकेकाले ठूलो आकारको सेलफोन प्रयोग गर्नुपर्ने बाध्यता र हनु, पीएसटीएन नेटवर्कमा आधारित रहनु, डाटास्पीड २ केबीपीएसभन्दा अधिक नहुनु वान-जी प्रविधिका सीमितताहरु थिए । सोही कारण वान-जी प्रविधि स्तरोन्नति अपरिहार्य ठानियो ।

वान-जी मोबाइल प्रविधिमा तमाम कमी-कमजोरीहरु रहेका कारण वैज्ञानिहरु वान-जीको स्तरोन्नतिमा जुटे । परिणामत: सन् १९९० को शुरुवातीमा दोस्रो पुस्ताको वायरलेस टेक्नोलोजी अर्थात् टु-जी जन्मन पुग्यो । सन् १९९१ मा टु-जी प्रविधिको शुरुवात फिनल्यान्डको जीएसएम अपरेटर रेडियोजिन्जाले गरेको थियो । डिजिटल वायरलेस नेटवर्कमा आधारित टु-जी प्रविधिमा भ्वाइस कल, एसएमएस (टेक्स्ट मेसेज) र डाटा सुविधा उपलब्ध रहेको छ । ६४ केबीपीएस डाटा स्पीड भएको टु-जी टाइम डिभिजन मल्टिपल एक्सेस (टीडीएमए) प्रविधिमा आधारित पुस्ता हो । टु-जीका निमित्त ८५०-१९०० मेगाहर्ज फ्रिक्वेन्सी र सीडीएमए प्रविधिका लागि ८२५-८४९ मेगाहर्ज फ्रिक्वेन्सी कम्प्याटेबल रहन्छ ।

तथापि, दूरसञ्चार प्रविधिगत स्तरोन्नतिका कारण टु-जी प्रविधि अस्ताउँदो छ । जहाँ, अमेरिकन कम्पनी एटी एन्ड टीले २०१७ मा र अर्को कम्पनी भर्जनले २०१९ मा बन्द गरिसकेका छन् । त्यस्तै, भारती दूरसञ्चार कम्पनी एअरटेलले सन् २०१९ मा र बेलायती कम्पनी ‘टी’ मोबाइलले सन् २०२० मा टु-जी फेज आउट गरेका हुन् । टु-जीपश्चात् सन् २००० मा सेकेन्ड एन्ड हाफ जेनेरेसन अगाडि सारियो, जुन टु-जीकै विकसित रुप थियो ।

सेकेन्ड एन्ड हाफ जेनेरेसनकै कारण जीपीआरएस प्रादुर्भाव भयो । सेकेन्ड एन्ड हाफ जेनेरेसन ८५०-१९०० मेगाहर्ज फ्रिक्वेन्सीमा कम्प्याटेबल प्रविधि हो, जहाँ उपभोक्ताले ई-मेल, वेब ब्राउजिङ, क्यामेरा फोन, मोबाइल गेम, डाइरेक्ट रिसर्च, एसएमएसजस्ता सुविधाहरु उपभोग गर्न सक्छन् । सेकेन्ड एन्ड हाफ जेनेरेसनकापश्चात् सन् २००३ मा सेकेन्ड एन्ड ७५ जी अगाडि सारियो, जुन ‘एज’ नामबाट पनि चिनिन्छ । जुन टु-जी तथा टु एन्ड हाफ-जीको स्तरोन्नति र थ्री-जीको प्रारुपको रुपमा अगाडि सारिएको हो ।

मूलत: ८५०-१९०० मेगाहर्ज फ्रिक्वेन्सी २.७५ जीमा कम्प्याटेबल हुने २.७५ जी अन्तर्गत औसत १ सय २८ केबीपीएस स्पीडमा डाटा तथा इन्फर्मेसन ट्रान्समिट गर्न सकिन्छ । यसै कारण उपभोक्तामा मोबाइल इन्टरनेटको आदत विकास हुन पुग्यो । २ जी, २.५ जी, २.७५ जी प्रविधिमा भिडियो कल, लाइभ टीभीलगायत सुविधाहरु उपलब्ध नहुँदा तेस्रो पुस्ताको वायरलेस प्रविधिको खोजमा वैज्ञानिहरु जुट्नु स्वाभाविकै थियो । यसै क्रममा पहिलोपटक व्यावसयिकरुपमा जापानी कम्पनी एटीटी डोकोमोले सन् २००१ अक्टुबरमा थ्री-जी शुरुवात गऱ्यो ।

नर्भेजियन कम्पनी टेलिनोरले सोही वर्ष डिसेम्बरमा थ्री-जी शुरुवात गरेको थियो । डिजिटल ब्रोडब्यान्ड मानिने थ्री-जीमा भ्वाइस कल सुविधाको अलवा भिडियो कल, लाइभ टीभी, मोबाइल टीभी, लाइभ भिडियो, एचडी भिडियोका सुविधाहरु उपलब्ध रहन्छ । थ्री-जीमा ३.६ देखि २१ एमबीपीएस स्पीडमा डाटा चलाउन सकिन्छ । जहाँसम्म छिमेकी मुलुकमा थ्री-जी प्रविधि अवलम्बनको सवाल छ, चिनियाँ कम्पनी चाइना टेलिकम, चाइना युनिकम र चाइना मोबाइलले २००८ मा, भारतीय कम्पनी, महानगर टेलिफोन निगम लिमिटेडले सन् २००८ मा र भारत सञ्चार निगम लिमिटेडले सन् २००९ मा थ्री-जी सेवा शुरुवात गरेका हुन् ।

२००७ मा थ्री-जी शुरु गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले सेवा दक्षिण एसियामै सबैभन्दा पहिले थ्री-जी सेवा शुरु गर्ने कम्पनी बन्न पुगेको थियो । तत्पश्चात् अर्को सेवाप्रदायक ऐनसेल प्राइभेट लिमिटेडले पनि थ्री-जी सेवा पस्किन पछि परेन । त्यस्तै सन् २००३ मा भ्वाइस, डाटा, भिडियो र मल्टिमिडिया कम्प्याटेबल हुने गरी थ्री-जीको अपग्रेडेड भर्जनको रुपमा ३.५ जी तथा ३.७५ जी पस्कने कार्य भयो ।

थ्री-जी टेक्नोलोजीमा डाटा स्पीडको सीमितता हुनुको कारण वैज्ञानिहरु चौथो पुस्ताको मोबाइल प्रविधिको खोजमा जुट्नु अस्वाभाविक थिएन । यसै क्रममा फोर-जी टेलिया सोनेराद्वारा पहिलोपटक सन् २००९ डिसेम्बर १४ मा स्वीडन र नर्वेमा एकैसाथ शुरुवात गरिएको थियो । लङ टर्म इभोलोसनको नामबाट समेत चिनिने, १० देखि ५० मेगाबाइट प्रतिसेकेन्ड स्पीडमा इन्टरनेट चलाउन सकिने इन्टरनेट प्रविधि पनि हो, यो ।

आईपी टेलिफोनी, रोमिङ सर्भिस, हाई डेफिनेसन भिडियो कल, हाई डेफिनेसन मोबाइल टीभी, भिडियो कन्फ्रेन्सिङ, थ्रीडी टेलिभिजन, लाइभ टीभी, क्लाउड कम्प्युटरिङ, कस्टमाइज र पर्सनल सर्भिसेस फोर-जीका मुख्य विशेषताहरु हुन् । नेपालमा २०१७ जनवरी १ मा नेपाल टेलिकमद्वारा, २०१७ मे ३ मा ऐनसलेद्वारा र २०१७ अगस्ट १३ मा स्मार्ट टेलिकमद्वारा फोर-जी प्रविधि आरम्भ गरिएको हो ।

थ्री-जी तथा फोर-जी प्रविधिमा सफलता प्राप्त गरेका आईटी क्षेत्रका वैज्ञानिक त्योभन्दा द्रुत गतिको इन्टरनेट प्रविधिको खोजीमा जुट्नु स्वाभाविकै थियो । यसै क्रममा, पाँचौं पुस्ताको वायरलेस टेक्नोलोजी अर्थात् फाइभ-जी प्रविधि विकासका लागि वैज्ञानिकहरु जुटिरहेकोमा २०१६ जुलाईमा टुंगोगमा पुगेका थिए । फलत: सन् २०१९ मा आइपुग्दा फाइभ-जी प्रविधि विधिवत्रुपमा प्रारम्भ हुन पुग्यो ।

आईटी वैज्ञानिकहरुले फाइभ-जी प्रविधिलाई फोर-जीभन्दा निकै एड्भान्स प्रविधिको रुपमा पस्किएका छन् । फाइभ-जी टेक्नोलोजीमा १ हजार अधिक एप्लिकेसन चलाउन सकिन्छ । डाटा स्पीड फोर-जीभन्दा १ सय गुणा अधिक रहेको छ, जुन २ देखि २० गिगाबाइट प्रतिसेकन्ड रहेको छ । एउटा मुभी थ्री-जी प्रविधिमा २६ घण्टा, फोर-जी प्रविधिमा ६ मिनेट लाग्ने गरेकोमा फाइभ-जी प्रविधिमा ०.३७ सेकेन्डमै डाउनलोड हुनु त्यसैको दृष्टान्त हो । फोर-जीभन्दा १० गुणा कम पावर कन्जुम हुनु वा सौर्य ऊर्जाबाट समेत चलाउन सकिने अर्को विशेषता हो । यसको साथै रिस्पोन्स वा कनेक्सन टाइम फोर-जीको तुलनामा निकै उच्च रहनु पनि अर्को विशेषता हो । फाइभ-जी प्रविधिमा भाषागत अस्पष्टता अर्थात् आवाज वुझ्न नसकिने समस्या भोग्नुपर्दैन । हाई डेफिनेसन क्वालिटीमा भिडियो हेर्न सकिन्छ । फाइभ-जीको बेस स्टेसन आकार टु-जी, थ्री-जीभन्दा अपेक्षाकृत सानो हुने हुँदा बेस स्टेसन जडानबापतको खर्च कटौतीमा सघाउ मिलेको छ ।

फाइभ-जी टेक्नोलोजी अहिलेकै सीमकार्ड, अप्टिकल र बेस स्टेसनमा सञ्चालन गर्न सकिन्छ । मात्र टावर मोडिफिकेसन गरे पुग्छ । तथापि, सुपर हाई फ्रिक्वेन्सी प्रयोग गर्नुपर्ने, नयाँ उपकरणहरु लगाउनुपर्ने, नयाँ ब्यान्डविथ खरिद गर्नुपर्ने हुँदा शुरुमा फाइभ-जी प्रविधि स्वाभाविकरुपमै महँगो पर्दछ । सन् २०१९ अप्रिलमा फाइभ-जी शुरुवात गरेको दक्षिण कोरिया फाइभ-जी प्रविध आरम्भ गर्ने पहिलो मुलुक हो । त्यस्तै, चीनले सन् २०१९ अक्टुबरमा, जापानले सन् २०२० मार्चमा, भारतले सन् २०२२ अक्टुबरमा फाइभ-जी प्रविधि शुरुवात गरेका हुन् । अहिलेसम्ममा जर्मनी, हँगेरी, इटली, अमेरिका, उरुग्वे, बहराइन, कुवेत, कतार, साउदी अरेबिया, चीन, भारत, माल्दिप्सलगायतका कैयौँ मुलुकले फाइभ-जी प्रविधि अवलम्बन गरिसकेका छन् । अहिले अमेरिका, चीन, दक्षिण कोरिया, बेलायत, जर्मनी फाइभ-जी प्रविधिमा अग्रपंक्तिमा रहेका छन् । तथापि, सन् २०२५ को अन्त्यसम्ममा अन्य मुलुकहरुलाई पछि पार्दै चीन अग्रस्थानमा रहने अनुमान गरिएको छ ।

भारतमा, रिलाइन्स जीयो र भारती एअरटेलले फाइभ-जी शुरुवात गरेकोमा ग्लोबल स्पीडमा चौधौं स्थानमा रहेको छ । जहाँ स्न २०२०/२०३० लाई फाइभ-जी अवधिको रुपमा लिइएकोमा सन् २०२४ को अन्त्यसम्ममा लगभग २ अर्ब उपभोक्ताले फाइभ-जी सेवा उपभोग गरिरहेका छन् । पहुँच विस्तारका हिसाबले हाल अमेरिका, चीन, दक्षिण कोरिया, स्पेन, बेलायत, क्यानडा, अस्ट्रेलिया, साउदी अरब, इटली तथा फिनल्यान्ड फाइभ-जी प्रविधिमा अग्रपंक्तिमा रहेका छन् ।

मेरिकन कम्पनी एटी एन्ड टी, जेटीई, भर्जन, स्प्रिन्टजस्ता कम्पनीहरु पनि फाइभ-जी प्रविधिलाई आवश्यक पर्ने उपकरणहरु उत्पादन तथा बिक्रीमा जुटेका छन् । त्यस्तै सामसुङ, एप्पल, भिभो, साउमीलगायत मोबाइल ह्यान्डसेट निर्माता कम्पनीहरु पनि फाइभ-जी कम्प्याटेबल ह्यान्डसेट निर्माणमा लागिपरेका छन् । जहाँ सामसुङ अलक्स फाइभ-जी कम्प्याटेबल रहेको छ ।

नेपालमा फाइभ-जी प्रविधि सञ्चालन गर्ने सोच, चर्चा र बहस ५ वर्षअघिदेखि हुँदै आएको छ । जहाँ, २०७७ चैत्रमा दूरसञ्चार प्राधिकरणले नेपाल टेलिकमलाई फाइभ-जी परीक्षणका लागि अनुमति प्रदान गरेको थियो । फाइभ-जी अनुमति कार्यविधिमा परीक्षण अवधिभर प्रयोगकर्तालाई नि:शुल्क फाइभ-जी सेवा चलाउन दिनुपर्ने, परीक्षण अवधिपश्चात् प्राधिकरणले फ्रिक्वेन्सी फिर्ता लिन सक्ने, परीक्षण स्वीकृति अवधिसम्ममा उपकरणहरु आयात एवं जडान गरेको नदेखिए अनुमतिपत्रलाई निरन्तरता नदिइनेजस्ता प्रावधान उल्लेख थियो । फाइभ-जी परीक्षणका लागि दूरसञ्चार प्राधिकरणले एक वर्षसम्मका लागि २६ सय मेगाहर्ज ब्यान्डअन्तर्गत ६० मेगाहर्ज फ्रिक्वेन्सी नि:शुल्क उपलब्ध गराएको थियो । सो अनुरुप २०७९ माघ २२ मा नेपाल टेलिकमले फाइभ-जी प्रविधिको परीक्षण गरेको बताइए तापनि परीक्षण कसरी गरियो, अनुभव कस्तो रह्यो, नतिजा के आयो भन्ने कुरा सर्वसाधरणले खासै भेउ पाएनन् ।

नवीनतम प्रविधिले ग्राहक चाहना, आवश्यकता वा बजार आफैँ निर्माण वा सृजना गर्दछ । बजार निर्माण भइसकेको छैन, फाइभ-जी लाभदायक हुन सक्दैन भन्नु व्यावसायिक जोखिम बहन गर्न डराउनु हो । यसर्थ, फाइभ-जी सेवा सञ्चालनका लागि सरकारले पूर्वाधार निर्माणसहित आवश्यक फ्रिक्वेन्सी उपलब्ध गराउनुपर्दछ । छिमेकी भारत, चीन, मालदिप्सलगायतका छिमेकी मुलुकहरुमा यसअघि नै फाइभ-जीको व्यावसायिक शुरुवात भइसकेको सन्दर्भमा नेपालले यो सेवाको व्यावसायिक सञ्चालन गर्न खुट्टा कमाउनुहुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# देश नबन्नुका १० कारण

✍ सुदर्शन आचार्य

मुलुकमा यतिबेला चरम राजनीतिक अन्यौलता छाएको छ । राजनीतिक स्थिरता, सुशासन, विधिका शासन, न्याय सम्पादन, भिजन सहित मुलुक निर्माण जस्ता विषयहरू ओझेलमा परेका छन् । उत्ताउला अभिव्यक्ति दिएर जनतालाई उत्तेजनाको राजनीतिमा समाहित गराउँदै आफ्नो स्वार्थ सिद्ध गर्नेहरू बलिया झैं देखिन थालेका छन् । सत्ताको बागडोर सम्हाल्नेहरूले पनि सत्तामा जानु पूर्व गरेका वाचा भुल्ने र विपक्षमा पुगेकाहरू पनि आफै सत्तामा रहँदाका ‘हर्कत’ बिर्सने परम्पराले ‘मूलधार’का भनिएका दलप्रतिको विश्वासमा समेत व्यापक गिरावट देखिन्छ ।

मूलधारका दल भित्रका केही नेता देखिन्छन् जसप्रति जनतामा एक प्रकारको भरोसा छ । तर, उनीहरू पार्टी र सत्ता राजनीतिमा ‘फस्ट म्यान’ बनेर स्थापित हुन हम्मे हम्मे छ । परम्परागत दलको यही कमजोरीमा खेलेर केही नयाँ भनिएका दलहरू ‘उत्तेजनाको राजनीति’को बलमा संगठन निर्माण गर्दैछ । जुन योजनाबारे जनताको तहसम्ममा नै ज्ञान पुग्न र पुऱ्याउन नसक्दा भोलीको नेपालको चित्र कस्तो होला अहिले नै अनुमान लगाउन कठिन छ । समग्रमा यस आलेख भने ‘नेपाल नबन्नुका दश कारण’मा नै केन्द्रित छ ।

### राजनीतिक अस्थिरता

२०७९ को आम निर्वाचन यता मात्रै पनि फरक फरक राजनीतिक दल सत्ता सहकार्य गरेर पुष्पकमल दाहालले सरकार बनाए । उनले आवेगमा ‘मेरो सरकार ०८४ सम्म नै’सम्म पनि भन्न भ्याए । निर्वाचन पूर्व गठबन्धन काङ्गेससँग, प्रधानमन्त्री पद प्राप्ति एमालेसँग र पुन: राष्ट्रपति पद कांग्रेसलाई सुम्पिएर प्रचण्डले सत्ता राजनीतिलाई यति अस्थिर गराए कि मिल्न नसक्ने र मिल्नै नहुने ‘कांग्रेस-एमाले’ एकै ठाउँमा आएदिए । मुलुकलाई अस्थिर राजनीतिको दुष्चक्रमा धकेल्ने काममा त ‘प्रचण्ड’ प्रयोग भए नै, संविधान संशोधन गरी छाड्ने ‘कपाली तमसुक’ बनाएर सत्ता निर्माण गर्न बाध्य भनिएका ‘कांग्रेस-एमाले’ संविधान संशोधनमा एकै ठाउँमा उपस्थित हुन सकेनन् भने त्यो समयमा निम्तिने ‘राजनीतिक अस्थिरता’ले व्यवस्था माथि नै प्रहार नगर्ला भन्न सकिन्न ।

### भिजनरहित नेतृत्व

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र जस्ता राजनीतिक दल मुलुकको व्यवस्था परिवर्तनमा ‘काबिल’ भए । तर, ‘भिजन’सहित देशलाई समृद्धिको मार्गमा लैजान भने पुरै विफल । मलेसिया जस्तो देशले बिस बर्से ‘प्लान’ सार्वजनिक गर्दै विकासको गतिलाई तीव्रता दिँदै गर्दा नेपालले भने पाँच वर्षे योजना ल्याउने, त्यही योजना कार्यान्वयन गर्ने समयमा पनि राजनीतिक अस्थिरताका कारण पाँच वटै सरकार देखा पर्दा मुलुकले विकासका दृष्टिले फड्को मार्नै सकेन ।

आज पहाडी भूभागमा ‘भ्यु टावर’ नामको ‘कङ्क्रिट’को स्तम्भ खडा गरेर बजेट स्वाहा बनाइँदै छ । हिमाल, पहाड र मधेसको माटो परीक्षण गरेर उन्नत प्रकारका बिउ बिजन कृषकलाई उपलब्ध गराएर कृषि क्रान्तिदेखि उद्योगीलाई उद्योग गर्ने वातावरण निर्माण गरेर ‘औद्योगिक क्रान्ति’मा मुलुकलाई लैजानबाट सरकार र दलहरू पुरै चुके । नेतृत्वमा भिजन हुँदा राष्ट्रले गति लिने कुरा उत्तरी मुलुक चीनमा ‘देङ्ग’ देखि दक्षिणी मुलुक भारतमा ‘मोदी’सम्मले देखाइसकेका छन् । तर, नेपालमा भने कांग्रेस, एमाले, माओवादी जस्ता दलका उपल्लो तहका नेताले ‘भिजन’ देखाउन पनि नसक्ने र भिजन भएकाहरूलाई अगाडि आउनबाट ‘नरोकी नहुने’ मनोविज्ञानले देश बन्न कठिन नै छ ।

### नीतिगत निर्णयका आधारमा भ्रष्टाचार

देश नबन्नुको अर्को कारण हो भ्रष्टाचार । संसदले निर्माण गरेको कानुनले ‘मन्त्री परिषद्ले गरेको नीतिगत निर्णय’लाई भ्रष्टाचार नै मानेको छैन । यही कानुनको हाँगोमा समातेर प्रजातन्त्र प्राप्ति यताका सरकारहरूले ठुला आर्थिक अनियमितता विषयलाई ‘मन्त्री परिषद्’मै लगेर निर्णय लिने र अरबौंको आर्थिक अनियमितता गर्ने गरेको पाइन्छ । ललिता निवास, वाइडबडी, पतञ्जलि लगायत दर्जनौं विषयहरू यहाँ उल्लेख गर्न सकिन्छ । नीतिगत निर्णयका, जहाँ अर्बौं भ्रष्टाचार भयो भनेर महालेखाले आफ्नो प्रतिवेदनमा उल्लेख गऱ्यो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा नै चलायो । तथापि, नीतिगत निर्णयको ‘छिद्र’ राखेर निर्माण भएको कानुनको हाँगो समाएर गरिने भ्रष्टाचारमा कमी आउन सकेन । यसरी कसरी बन्ला देश ?

### बिचौलियाको रजगज

राजनीतिक अस्थिरताका कारण सरकारमा बारम्बार भइरहने फेरबदलका पछाडि ‘भ्रष्ट तथा बिचौलिया’हरू नै हाबी हुने गरेको देखिन्छ । एकातिर राजनीतिक दलकै उपल्लो तहमै त्यो पनि पदीय हैसियतमा ‘बिचौलिया’ पुगिनै सकेका छन् । तीनै बिचौलिया आज पार्टीहरू भित्र गुट निर्माण गरी पार्टीलाई गुट नै गुटको ‘महासंघ’ निर्माणमा उद्धत छन् भने अर्कातिर बारम्बार भइरहने सत्ता पलटमा तीनै बिचौलिया हाबी भएको देखिन्छ । पौडेवन्धुद्वय ‘विकल र सुनिल’का नयाँ अवतारहरू आज राजनीतिक बजारमा छ्यापछ्याप्ती भेटिन्छन् । जसले न्यायालय, संवैधानिक निकायदेखि सरकारका मन्त्री प्रधानमन्त्रीसम्मको ‘बेडरुम’सम्म नै सहज ‘एक्सेस’ पाउँछन् । यी र यस्ता बिचौलियाकै ‘रजगज’ चलेकै समय यति, ओम्नीदेखि ललिता निवास, टिकापुर, टेरामक्स, हुँदै भुटानी शरणार्थीसम्मका घटना भेटिने बाहेक ‘सुशासन’ भेटिने कल्पना गर्नु आफैमा हास्यास्पद हुन जान्छ । यी र यस्ता विषयमा राज्य संवेदनशील हुन नसक्दा ‘सम्पत्ति शुद्धीकरण’का हिसाबले मुलुक आज ‘ग्रे लिस्ट’मा परि नै सक्यो ।

### कथित भूमिगत शक्तिकेन्द्र

आज राजनीतिक वृत्तलाई नै ‘माथ’ गर्नेगरी नेपालको ‘राजनीति’को कोर्स मात्र नभई ‘व्यवस्था’नै ‘ओलटफेर’ गर्नेसम्मको योजना बोकेर शक्तिकेन्द्रहरू निर्माण भएको बताइन्छ ।

न्यायालयदेखि कर्मचारी प्रशासन तहबाट ‘रिटायर्ड’ निश्चित व्यक्तिहरू जमघट हुँदै राजनीतिक, आर्थिक, प्रशासनिक, न्यायिक लगायत क्षेत्रमा के कसरी ‘ओलटफेर’ गरेर व्यवस्थाकै विकल्पमा ‘माहौल’ निर्माण गर्न सकिन्छ भन्ने विषय उनीहरूको दैनिकीको एजेन्डा बन्ने गरेको समेत बताइन्छ । जहाँ पूर्व राजाका प्रतिनिधिदेखि नयाँ भनिएका दलकासम्म जम्मा भएर ‘व्यवस्था परिवर्तन’को विषयलाई ‘केन्द्र भाग’मा राखेर गरिने छलफल र त्यहीबाट ‘डिजाइन’ गरेर बजारमा फिँजाइने हल्लाले राजनीतिक क्षेत्रसहित अन्यत्र त छँदै छ मुलुकको अर्थतन्त्रमा समेत गम्भीर असर पुऱ्याउन थालिएको छ ।

### संसद् प्रतिको अपेक्षा


संसदले सरकार त दिन्छ नै, संसदको मूल काम भनेको ‘कानुन’ निर्माण गर्नु हो । तर, नेपालको संसदले जनअपेक्षा अनुसार कानुन निर्माणमा प्रभावकारी भूमिका खेल्नै सकेन । २०७९ मा निर्वाचन सम्पन्न यताको संसदले जम्मा ११ वटा कानुन निर्माण गऱ्यो । भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी ऐन एकै मितिमा अगाडी बढेको थियो, अहिले उक्त दुई ऐन मध्ये ‘अख्तियार’ सम्बन्धी ऐनलाई अलपत्र पारेर भ्रष्टाचार निवारण सम्बन्धी ऐन मात्र अगाडी बढाइयो । जसका कारण नेपालको संसद् अख्तियारलाई बलियो बनाएर सुशासन कायम गर्ने सन्दर्भमा ‘सकारात्मक’ छैन भन्ने सन्देश प्रवाह हुँदा आम मानिस यतिबेला ‘अब देश बन्दैन’ भन्ने निष्कर्ष निकाल्न बाध्य भए ।

### अनुत्तरदायी कर्मचारी संयन्त्र

विदेश तालिम गोष्ठी आदिका नाममा जाने तर, सिकाइको प्रयोग कर्मचारी संयन्त्रमा पटक्कै देखिँदैन । नेपाल भित्रै पनि ‘बोर्डर’का जिल्लाहरूमा अनुगमनका नाममा जाने र मनग्गे सपिङ गरेर फर्कने परम्परा नौलो रहेन । राजनीतिक तहलाई भ्रष्टाचार गर्नबाट रोक्नु पर्ने ‘कर्मचारी प्रशासन’ उल्टै ‘बाँदरलाई भऱ्याङ’ लगाइरहेछ ।

*बाँकी पृष्ठ-३....*

# ९ महिनाभित्र निजामती ऐन ल्याउन सर्वोच्चको आदेश २ वर्षसम्म भएन कार्यान्वयन



काठमाडौं/सर्वोच्च अदालतले ९ महिनाभित्र निजामती सेवा ऐन ल्याउन दिएको आदेश २५ महिना हुँदा समेत कार्यान्वयन हुन सकेको छैन । यो विषयमा सरोकार राख्रुने थारू समुदायको छाता संगठन थारू कल्याणकारिणी सभा असन्तुष्ट छ ।

लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मीका अनुसार २०७९ साल माघ २४ गते सर्वोच्चले थारू समुदायको सरकारी सेवामा आरक्षणको व्यवस्था गर्न नेपाल सरकार, लोकसेवा आयोग, शिक्षक सेवा आयोगलगायतका सरकारी निकायका नाममा आदेश दिएको थियो । सोही आदेशमा सर्वोच्चले ९ महिनाभित्र निजामती ऐन ल्याउन भनेको थियो ।

लोक सेवा आयोग समेत विपक्षी बनाएर परेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको संयुक्त इजलासले यस्तो आदेश गरेको थियो। आदेशमा फैसला प्राप्त भएको ९ महिनाभित्र ऐन ल्याउन आदेश भएको थियो ।

फैसलाबारे औपचारिक जानकारी जानकारी लोकसेवा आयोगले भने २०८० साल जेठ १० गते पाएको थियो । यही मितिमा सरकारले समेत फैसलाको जानकारी प्राप्त गरेको थियो । 'आरक्षणको व्यवस्थाको कार्यान्वयन कानुन मार्फत गरिनुपर्ने हुँदा संघीय निजामती ऐन तथा अन्य ऐन, नियम विमियम समेतका सेवा सम्बन्धी कानुनी व्यवस्थाको निर्माण लगायत आवश्यक सबै प्रबन्ध मिलाउने कार्य यो आदेश प्राप्त भएको ९ महिनाभित्र सम्पन्न गर्नु गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र संसद सचिवालय समेतका विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको छ' फैसलामा भनिएको छ ।

सर्वोच्च अदालतको यस्तो फैसलाबारे औपचारिक रुपमा जानकारी पाएको पनि १९ महिना भइसकेको छ। यो अवधिमा समेत निजामती सेवा ऐन जारी हुन सकेको छैन । यो फैसला कार्यान्वयन गर्नका लागि फैसला निर्देशनलयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पटक-पटक ताकेता समेत गर्दै आएको छ ।

फैसला निर्देशन कार्यालयलेले यही फागुन ५ गते दोस्रो पटक प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्र नै लेखेर फैसला अनुसार निजामती सेवा ऐन किन कार्यान्वयन नगरेको भनेर सोधेको छ । साथै कार्यान्वयनमा नलैजानुको जवाफ ७ दिनभित्र पठाउन समेत भनिएको छ ।

संघीयता कार्यान्वयासँग समेत जोडिएको यो ऐन समयमै बन्न नसकेको भनेर सरोकारवालाहरूले समेत सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । बिहीबार राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा यो विषय लोकसेवा आयोगका अध्यक्ष रेग्मीले आफैं स्मरण गराएका थिए ।

अध्यक्ष रेग्मीले सर्वोच्च अदालतले आदेश दिएको स्मरण गर्दै संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभामा दफावार छलफलमा रहेको बताएका थिए । तथापि, निजमती सेवा विधेयक निर्माणले गति नलिएको भनेर सरोकारवालाले प्रश्न उठाइरहेका बेला लोकसेवा आयोगका अध्यक्ष रेग्मीले नै असन्तुष्टि जनाएका हुन् । तर, सरकारी अधिकारीहरू विधेयक संसदमा विचाराधीन रहेको बताउँछन् ।

तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रतिनिधि सभामा दर्ता गरेकी थिइन्। सरकारले प्राथमिकतामा राखेको भनेको यो विधेयक हाल प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ ।

यो विधेयकमा सांसदहरूले एक हजार पाँच सय ८३ वटा संशोधन प्रस्ताव राखेका छन् । १५ जेठ २०८१ राज्य व्यवस्था समितिमा आएको यो विधेयकमाथि संशोधन राख्ने सांसदहरूसँग एकसरो छलफल सकाएको छ । विधेयकमाथि थप छलफल गरेर सहमति जुटाउने गरी राज्य व्यवस्था समितिले उपसमिति बनाएको छ ।

यही फागुन ९ गते गठित नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू नेतृत्वको ११ सदस्युीय संसदीय उपसमितिले काम बढाएको छ । 'विधेयकमा रहेका महत्वपूर्ण विधेयकमा नीतिगत सहमति जुटाएर अगाडि बढ्ने गरी उपसमितिका गतिविधि अगाडि बढेका छन्' उपसमितिका एक सदस्यले संचारकर्मीसँग भने ।

उपसमितिको सदस्स्यहरूमा सांसदहरू अशोक कुमार राई, इश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लिलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहेका छन् । उपसमितिलाई एक महिनाभित्र विधेयकको प्रतिवेदन समितिमा पेस गर्न समयावधि दिइएको छ ।

उपसमितिले यही फागुन १८ गते लोकसेवा आयोगका अधिकारीहरूसँग छलफल समेत गर्दैछ। विधेयकमा महत्वपूर्ण नीतिगत विषयमा उपसमितिले लोकसेवा आयोगको राय लिन लागेको हो । कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाका अनुसार निजामती विधेयक संघीयता कार्यान्वयनसँग समेत जोडिएकाले यसको सैद्धान्तिक पक्षमा प्रष्ट हुन आवश्यक छ । उनका अनुसार प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत कुन तहको सरकार अन्तर्गत रहने भन्ने विषय महत्वपूर्ण छ ।

संविधानत: संघीय लोकसेवा आयोग र प्रदेश निजामती सेवा आयोग रहन्छ । प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत कुन लोकसेवा आयोगले लिने र कुन सरकार मातहत रहने भन्ने विषयमा दलहरूका बीचमा समेत एकमत छैनन् । निजामती कर्मचारीमा रहँदै आएको कर्मचारीहरूको ट्रेड युनियनको व्यवस्थाको निरन्तरताकै विषयमा समेत दलहरू विभाजित छन् । निरन्तरता दिँदा पनि हाल प्रचलनमा रहे जस्तै दल निकटमा कर्मचारी ट्रेड युनियन रहन सक्ने अवस्थामा के गर्ने भन्नेमा फरक-फरक मत रहँदै आएको छ ।

समावेशी प्रतिशतमा समेत हेरफेरको विषय प्रस्तावित छ। महिलाका लागि हाल ३३ प्रतिशत र अन्यका लागि जनसंख्या अनुसार अभ्यासमा रहेको व्यवस्थामा पुनरावलोकनको विषयमा संसदीय समिति छलफलमा रहेको छ । निजामती सेवालाई श्रेणी अन्तर्गत निरन्तरता दिने कि तहगत प्रणालीमा जाने भन्ने विषयमा समेत सरोकारवालाहरूको चासो रहँदै आएको छ ।

सरुवा र बढुवाको विषयमा समेत चासो छ। कतिपयले अनुमानयोग्य सरुवा प्रणालीको विषयमा वकालत गरिरहेका छन् भने कतिपयले सरकारले आफ्नो नीति कार्यान्वयन गर्नका लागि त्यसअनुसारको कर्मचारीको साथ लिनका लागि सरुवा गर्न खोज्दा रोक्ने व्यवस्था उचित नरहेको तर्क गर्दै आएका छन् ।

खुला प्रतिस्पर्धाबाट लिने कर्मचारीको प्रतिशतका विषयमा समेत दलहरू छलफलमा छन्। अवकाश र सेवा प्रवेशको अधिकतम उमेर हदको विषयमा समेत छलफल चलिरहेको छ । संघीयता सहितको संविधानअनुसार निजामती सेवा ऐन बन्न लागेकाले पनि विधेयकका प्रस्तावित विषयमा संसदीय उपसमिति आन्तरिक छलफलमा छ ।

**के थियो मुद्दा ?**

थारू कल्याणकारिणी सभाका महामन्त्री प्रेमीलाल चौधरी सहितले 'थारू समुदायलाई निजामती सहित अन्य निकायमा आरक्षणको व्यवस्था'को माग गर्दै पटक- पटक दायर गरेको मुद्दामा सुनुवाइ गर्दै सर्वोच्चले उक्त फैसला गरेको थियो। ५३ मुद्दाको संयुक्त सुनुवाइ गर्दै सर्वोच्चले नेपालको संविधान २०७२ मा समावेश भएका सबै क्लस्टरलाई आरक्षण छुट्याउन भनेको थियो ।

ऐन जारी गरेपछि त्यसले थारूलगायत हालसम्म नसमेटिएका नयाँ आरक्षित वर्गका लागि जे-जस्तो अनुपातमा आरक्षणको व्यवस्था गर्छ सो व्यवस्था लागू भएपश्चात् कायम हुन आउने कुल पदमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट चालू आर्थिक वर्षमा आरक्षण नगरेर वास्तविक रूपमा गुम्न गएका पदहरूसमेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने प्रबन्ध मिलाउन लोक सेवा आयोग, शिक्षक सेवा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तीनवटै सुरक्षा निकायलगायतका नाममा सर्वोच्चले परमादेश गरेको थियो।

'वर्तमान संविधानले मौलिक हकका रूपमा स्वीकार गरि सकेको सकारात्मक विभेदसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न संविधानको धारा ४७ ले तीन वर्षभित्र कानुनी व्यवस्था गरिसक्नुपर्ने कुराको निर्देश मात्र नगरी यसलाई पनि हककै रूपमा स्वीकार गरेको अवस्था र सो विषयमा कानुन निर्माण गर्नु भन्ने यस अदालतबाट निर्देश भएकोसमेत यतिका वर्ष बितिसक्दा पनि हालसम्म सो व्यवस्था कार्यान्वयन हुन नसकेको पाइएबाट यसबारेमा अब धेरै कुर्ने, अलमल गर्ने कुरा संविधानको व्यवस्थाहरूको रोहमा स्वीकार हुन सक्ने देखिएन,' फैसलामा भनिएको छ ।

मौलिक अधिकारको रूपमा प्रत्याभूत व्यवस्थाको कार्यान्वयनका लागि संविधानले नै तीन वर्ष तोकेको अवस्थामा कार्यपालिकी वा विधायिकी बुद्धिमत्ता वा अन्य कुनै कारण उल्लेख गरी विलम्ब गरिने कुरा स्वीकारयोग्य हुन नसक्ने फैसलामा उल्लेख छ । आरक्षित वर्गलाई पर्न गएको क्षतिको पूर्ति गर्नसमेत सर्वोच्चले भनेको छ ।

'कानुन निर्माणको अभावमा प्रत्याभूत अधिकारको प्रचलन हुन नसकेका कारण आरक्षणका लागि योग्य वर्गमा हुन गएको क्षतिको पूर्तिसमेत हुनुपर्ने देखियो,' फैसलाको पूर्णपाठमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# देश नबन्नुका...

ठुला-ठुला भ्रष्टाचार राजनीतिक तह एक्लैले सम्भव नै छैन । टिप्पणी उठाउनु पूर्वदेखि राजनीतिक तह र कर्मचारी प्रशासन नमिली भ्रष्टाचार सम्भव नै छैन । राजनीतिक तह 'नीतिगत निर्णय'का नाममा उम्कन्छ तर आफू भने आफैद्वारा हस्ताक्षरित कागजातकै कारण काठमाडौं महानगरका तत्कालीन निर्देशक भैरव बहादुर बोगटी बन्न पुग्दछन् । आखिर निर्णय गर्ने तत्कालीन मेयर विद्यासुन्दर शाक्यले त उन्मुक्ति नै पाए । हुन त, सबै कर्मचारीलाई एउटै डालोमा हालेर भ्रष्ट भन्न खोजिएको होइन । कर्मचारी संयन्त्र आफै पनि चोखा छन् भने राजनीतिक तहलाई भ्रष्टाचार गर्ने तपाईंहरू, जेल जानु पर्ने चाहिँ हामी किन भनेर प्रश्न गर्ने आँट कर्मचारी संयन्त्रमा किन देखिन्न भन्ने प्रश्न अनुत्तरित नै छ ।

**कमजोर बनाइयो संवैधानिक निकाय**

उन्मत्त 'लोकमान सिंह कार्की'लाई जब राजनीतिक तहले हिजो हटायो, तब संवैधानिक निकायमा समेत 'कार्कीकै नियति' भोग्नु पर्ला कि भनेर मनोबल गिर्ने र गिराउने काम भयो । जति दिन जिम्मेवारीको कुर्सीमा बसिन्छ, त्यति दिन निष्पक्ष कार्य सम्पादन गर्ने काममा समेत राजनीतिक दल र सत्ताले 'संवैधानिक निकाय'लाई आफ्नो छायामा पार्दै लग्यो । दीप बस्नेत तथा राजनारायण पाठक जस्ता व्यक्ति स्वयम आफै पनि इमानदार नभइदिँदा जनमानसमा कोही कसैप्रति पनि भरोसा नभएको सन्देश गयो । अर्कातिर अख्तियार, लोकसेवा, निर्वाचन आयोग जस्ता निकायको नियुक्तिको विषय नै न्यायालयले ढिलो छलफलमा ल्याइदिँदा ती निकायबाट गरिने कार्यसम्पादनको विषय समेत अलमलमा देखिन्छ ।

सुशासनका विषयमा निर्मम बन्नु पर्ने न्यायालय यतिवेला सुशासन कायम गर्नेदेखि निर्वाचन गराउनेसम्मका संवैधानिक निकायलाई बहसको विषयका रूपमा ढिलो ल्याएर राष्ट्रमै एक प्रकारको अन्यौलता सिर्जना भएको छ । जसको समेत प्रभाव सिङ्गो देशले अङ्गीकार गरेको व्यवस्थादेखि अर्थतन्त्र हुँदै 'कार्यसम्पादन'सम्ममा पर्ने नै भयो ।

**क्षमता देखाउनै रोकिए युवा**

नयाँ भनिएकाहरूमा भरपुर युवा छन् । तर, उनीहरू उत्तेजनाको राजनीति गर्छन् ! उता पुराना तथा परम्परागत दलमा रहेर राजनीतिमा परिपक्वपन देखाउँदै आएका युवालाई 'विचार र उमेर'ले सत्तरी कटेकाहरूले अगाडि आउनै दिँदैनन् ! यो आश्चर्यजनक 'गोल्चक्कर'मा राजनीति रुमल्ली राखेको छ । पुराना दलमा रहेका युवाहरूको परीक्षण मुलुकले गर्नै पाएन । मन्त्री वा सांसदकै हैसियतमा मात्र गरेको परीक्षणले 'समग्र' व्यक्तिको परीक्षण मान्न सकिन्न । गुजरातमा मोदीले मुख्यमन्त्री रहँदा दिएको छनककै कारण केन्द्रीय सत्ता राजनीतिमा प्रधानमन्त्री पद नै पटक पटक पाए ।

चीनमा 'सी'ले आफै घोषणा गरेझैं गरी मोदीले पाएका होइनन्, जनताबाटै अनुमोदित भए उनी । नेपालका सन्दर्भमा पनि 'मन्त्री वा सांसद'कै हैसियतमा केही युवाले भिजन देखाएका छन् । तर, उनकै हातमा केन्द्रीय राजनीति पुग्न भने आज हम्मे हम्मे भएको छ । सोही कारण भिजन सहितको रोडम्याप ल्याएर मुलुक निर्माणमा लाग्नबाट आज 'युवा नेता' रोकिन पुगेका छन् । जसका कारण वृद्धले देश बनाउँदैनन् र कांग्रेस, एमाले, माओवादी जस्ता दलमा युवालाई अगाडी आउन दिइन्न भन्ने भाष्य निर्माण भएको छ । तसर्थ पनि, देश निर्माण आज अवरुद्ध हुन पुगेको हो ।

**भू-राजनीतिक प्रभाव**

नेपालको केन्द्रीय सत्ताले यतिबेला भू-राजनीतिक प्रभावको आङ्कलन र व्यवस्थापन गर्नै सकेन । उत्तरी मुलुकमा गएर गरिएको 'विआरआई'को प्रभावको आङ्कलन नै नगरी दक्षिणी मुलुकको भ्रमणलाई प्राथमिकतामा राखेर पटक पटक गरिएको 'विफल' प्रयत्नले नेपाल पुन: एक पटक 'अस्थिरताको भूमरी'मा पर्ने निश्चित जस्तै छ । गते नै तोकेर दक्षिणी मुलुक जाने भाषण गर्ने प्रधानमन्त्री, आशातीत भेटको तारतम्य नै नमिलाई भ्रमणको घोषणा गर्ने सत्तारुढ घटकका अर्का नेता शेरबहादुर देउवा र सत्तामा र हँदा र विपक्षमा पुग्दा फरक फरक भू-राजनीतिक बुझ्ने र बोल्ने 'प्रचण्ड' सत्ता र अपोजिसनमा रहुञ्जेल नेपालको राजनीतिमा सुधारको गुन्जाइस देखिन्न ।

*(साभार: रातोपाटी)*

# सबैभन्दा धनी दल एमाले, अरू घाटामा

काठमाडौं/संसदको दोस्रो ठूलो दल नेकपा एमाले आम्दानी र बचतको हिसाबमा सबैभन्दा धनी देखिएको छ । एमालेले गत आर्थिक वर्ष (२०८०/८१)मा १४ करोड ७९ लाख ५ हजार ८०९ रुपैयाँ आम्दानी गरेको छ । उसले ७ करोड ८५ लाख ३८ हजार ३ रुपैयाँ खर्च गरेको छ । यस हिसाबले एमालेसँग ६ करोड ९३ लाख ६७ हजार ८०६ रुपैयाँ बचत छ ।

निर्वाचन आयोगमा राजनीतिक दलहरुले बुझाएको आर्थिक वर्ष २०८०/८१ को आम्दानी र खर्चको विवरण हेर्दा अन्य दलहरुको तुलनामा एमाले सबैभन्दा धनी देखिन्छ । एमालेको मुख्य आम्दानीको स्रोत पार्टी सदस्यता शुल्क हो । एमालेले यो शीर्षकमा आर्थिक वर्ष २०८०/८१ मा कार्यकर्ताहरुबाट ११ करोड ५४ लाख ३० हजार ४३७ रुपैयाँ संकलन गरेको छ ।

दलहरुको आम्दानी र खर्चको विवरण हेर्दा संसद्को पहिलो दल नेपाली कांग्रेस, तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्र, चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एकीकृत समाजवादी घाटामा देखिन्छन् । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा राजनीतिक दलहरुले आयव्ययको लेखा परीक्षण गर्नुपर्ने र परीक्षणको एक महिनाभित्र निर्वाचन आयोगमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ ।

सो व्यवस्थाबमोजिम गत माघ महिनाभित्र ८८ राजनीतिक दलहरुले आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन (आम्दानी र खर्चको विवरणसहित) निर्वाचन आयोगमा बुझाएका छन् । जबकी सो आर्थिक वर्षमा ११५ दल आयोगमा दर्ता भएका थिए ।

**कांग्रेस २ करोड बढी घाटामा**

नेपालको पुरानामध्यको एक र अहिले प्रतिनिधिसभामा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले आर्थिक वर्ष २०८०/८१ मा दुई करोड ५९ लाख आठ हजार ७७५ रुपियाँ आम्दानी गरेको छ । तर खर्च भने ४ करोड ९१ लाख ५६ हजार ३७५ रुपियाँ छ । यो हिसाबले नेपाली कांग्रेस अहिले २ करोड ३२ लाख ४७ हजार ६०० रुपियाँले घाटामा छ । कांग्रेसले अघिल्लो वर्ष २०७९/८० पनि घाटामा रहेको विवरण निर्वाचन आयोगमा पेश गरेको थियो ।

कांग्रेसको आम्दानीको प्रमुख स्रोत चन्दा हो । चन्दाबाट मात्रै उसले १ करोड ७३ लाख ९४ हजार ४३९ रुपियाँ संकलन गरेको थियो । सदस्यता, लेबी र नवीकरण शुल्कबाट भने ७१ लाख आम्दानी गरेको थियो । संसदको तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा १ करोड ८६ लाख ५३ हजार १४६ रुपैयाँ आम्दानी गरेको छ । यो आर्थिक वर्ष उसको आम्दानीभन्दा खर्च २ हजार ४४४ रुपैयाँ बढी छ ।

# 'मायावी' गीत : दीपिकासँग पल र समीमको प्रेम



काठमाडौं/महाशिवरात्रिको अवसर पारेर बुधबारदेखि प्रदर्शनमा आएको फिल्म 'मायावी'को पाँचौं गीत सार्वजनिक गरिएको छ । 'बिहानीको न्यानो मौसम' बोलको सार्वजनिक गीतमा एसडी योगीको पार्श्व गायन तथा संगीत छ भने राम अविरल बिष्टको शब्द रचना रहेको छ । यसलाई निर्माण टिमले फिल्मको सबैभन्दा सशक्त गीत मानेको छ । फिल्म हेरेका दर्शकहरुले पनि यो गीतलाई रुचाएका छन् ।

जोमसोममा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु पल शाह, दीपिका प्रसाईं र समीम खान (नव-नायक) प्रस्तुत छन् । भिडियोमा दीपिकाप्रति पल र समीमको प्रेमभाव देख्न सकिन्छ । फिल्म त्रिकोणात्मक प्रेमकथामा बनेको गीतले प्रष्ट पार्छ । निर्देशक दिवाकर भट्टराईले फिल्ममा यो गीत महत्त्वपूर्ण रहेको बताए ।

निर्देशक भट्टराई स्वयंको लेखन रहेको फिल्ममा पल, दीपिका र समीमसहित प्रशान्त ताम्राकार, सुशील सिटौला, राजाराम पौडेल, करिश्मा श्रेष्ठ, लक्ष्मी गिरी लगायतको अभिनय छ । ुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी रहेको फिल्ममा राजु विक्रम थापाको डीओपी, मिलन श्रेष्ठको सम्पादन तथा कविराज गहतराज र प्रविण खतिवडाको कोरियोग्राफी छ ।

'मायावी'ले बुधबार सुखद व्यापार गरेको थियो । काठमाडौं, नेपालगञ्ज जस्ता सहरमा फिल्मका केही शो हाउसफुल भएका थिए । बिहीबार भने फिल्मको व्यापारमा गिरावट आएको छ । शुक्रबार ग्याल्बो ल्होसार र शनिबारको विदामा फिल्मले फेरि राम्रो कमाइ गर्ने अपेक्षा गरिएको छ । दर्शकीय प्रतिक्रिया उत्कृष्ट भएकाले फिल्म हलमा लामो रेसको घोडा बन्ने विश्वास निर्माताको छ ।

# दयाहाङ र विजयको 'वरिष्ठ बलराम' लक्ष्मीपूजामा




काठमाडौं/'कबड्डी' जोडी दयाहाङ राई र विजय बराललाई मुख्य भूमिकामा लिएर निर्माण हुन लागेको फिल्म 'वरिष्ठ बलराम'को प्रदर्शन मिति घोषणा गरिएको छ । महाशिवरात्रिको अवसर पारेर बुधबार युट्युबमार्फत टाइटल टिजर सार्वजनिक गर्दै आगामी वर्षको लक्ष्मीपूजा अर्थात् कात्तिक ३ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । अहिलेसम्म उक्त मितिमा फिल्मलाई एकल रिलिजको अवसर छ ।

सुरेन्द्र पौडेलको निर्देशनमा बन्न लागेको फिल्ममा दयाहाङ र विजयसहित पशुपति राई, समृद्धि अर्याल, माओत्से गुरुङ लगायतको अभिनय रहनेछ । आशिस एच तामाङ र श्रीराज कार्की निर्माताका रूपमा रहेका छन् । निर्देशक पौडेल स्वयंको कथा रहेको फिल्मलाई उनी आफैंले सम्पादन गर्नेछन् । फिल्मको पटकथा महेश दवाडीले लेखेका हुन् ।

आगामी साताबाट छायांकनको तयारी गरिएको फिल्म सामाजिक कथावस्तु बन्ने निर्देशक पौडेलले जानकारी दिए । तराईका विभिन्न स्थानमा छायांकन गर्न लागिएको फिल्मलाई मनकृष्ण महर्जनले खिच्नेछन् । तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको फिल्ममा प्रशान्त शिवाकोटी संगीत, सम्राट शाक्य द्वन्द्व निर्देशन तथा प्रदीप लामाको कोरियोग्राफी रहनेछ ।

तीन दर्जन बढी नेपाली फिल्मको सम्पादन गरिसकेका सुरेन्द्रले सन् २०१५ मा रिलिज भएको फिल्म 'आभास'बाट निर्देशनमा डेब्यु गरेका थिए । यसपछि अनमोल केसीलाई एक्सन अवतारमा प्रस्तुत गर्दै 'कृ' बनाएका उनको पछिल्लो निर्देशित फिल्म 'बाबरी' हो । अघिल्ला तीन फिल्मभन्दा 'वरिष्ठ बलराम' उत्कृष्ट बनाउने उनको अठोट छ । फिल्मको निर्माण वृषभ सिद्धी इन्टरटेनमेन्टले गर्नेछ ।

# सलमान खान, रश्मिका मन्दाना स्टार र 'सिकन्दर'को टिजर सार्वजनिक

काठमाडौं/सलमान खान र रश्मिका मन्दाना स्टारर 'सिकन्दर'को धमाकेदार टिजर सार्वजनिक भएको छ । आगामी इदमा रिलिज तयारीमा रहेको यो फिल्मको टिजर एक्सनप्रधान छ ।

फ्यानले लामो समयदेखि टिजरको प्रतिक्षा गरिरहेका थिए । टिजरको झलकपछि उत्साह हेर्दा यो फिल्म भारतीय बक्सअफिसमा बम्पर ओपनिङ गर्ने फिल्म हुने अड्कलबाजी गर्न सकिन्छ ।

१ मिनेट २१ सेकेन्डको टिजरमा सलमान आफ्ना शत्रुसँग लड्दै गरेको देखिएका छन् । यसबाहेक टिजरमा सलमानका संवादहरू पनि समावेश छन् ।

टिजर सलमानको डायलगदेखि सुरु हुन्छ । जहाँ, भाइजान भन्छन्- 'हजुरआमाले उनको नाम सिकन्दर, हजुरबुवाले संजय र आममान्छेले उनको नाम राजा साहेब राखे ।' टिजरमा ६ एक्सन दृश्य छन् । यससँगै सलमानका संवादले दर्शकको मन जितिरहेका छन् । २ वटा भव्य डान्स नम्बरको झलक पनि देखाइएको छ ।

टिजरमा सलमान पुन: एकपटक 'टाइगर' अवतारमा देखिएका छन् । एआर मुरुगादासको निर्देशनमा बन्न लागेको यो फिल्ममा भाइजानका फ्यानले उनको फिल्मबाट अपेक्षा गरेको सबै कुरा छन् । सलमानको यो फिल्मको कथा मन छुने छ, जसमा धेरै नाटक र भावनाका साथै सामाजिक सन्देश पनि छ ।

'सिकन्दर'मा सलमानसँग रश्मिका मन्दाना पनि देखिएकी छिन् र उनीहरुको केमेस्ट्रीलाई दर्शकले मनपराएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# शिक्षा ऐन जारी गर्न माग गर्दै मुख्यमन्त्रीलाई ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ शिक्षा ऐन जारी गर्न माग गर्दै बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई ध्यानाकर्षणपत्र बुझाइएको छ ।



नेपाल शिक्षक महासंघ मकवानपुरको अगुवाइमा शिक्षक तथा विद्यालय कर्मचारीको माग सम्बोधन हुने गरी संसदको चालु अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै मुख्यमन्त्री लामालाई ध्यानाकर्षणपत्र बुझाइएको हो ।

शिक्षा ऐन जारी गर्न सरकारले अनेक बाहना गरेको भन्दै विगतमा भएका सहमति सम्बोधन हुने गरी शिक्षा ऐन जारी गर्नुपर्ने उनीहरुको माग छ ।

बालकक्षा शिक्षक, विद्यालय कर्मचारी र संस्थागत विद्यालयका शिक्षकको लागि उचित तलबमान, शिक्षको तहगत र नियमित बढुवा, शिक्षकको ग्रेड मिलान, शिक्षकको मर्यादाक्रम, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधि खारेजी, मासिक तलब भुक्तानीजस्ता विषयलाई शिक्षा ऐनमै सम्बोधन गर्न ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । स्थायी, राहत, शिक्षण सिकाई अनुदान, अस्थायी, प्राविधिकधार, विशेष शिक्षा, संस्थागत विद्यालयका शिक्षकका माग र मुद्दा सम्बोधन हुने गरी विद्यालय, विद्यार्थी र शिक्षक कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन ल्याउनु आवश्यक रहेको बताएको छ ।

२०७५, २०७८ र २०८० सालमा समेत शिक्षक महासंघ चरणबद्ध आन्दोलन गरेका थिए । गत माघ १६ र १७ गते बसेको नेपाल शिक्षक महासंघको राष्ट्रिय समितिको बैठक निर्णयअनुसार गत फागनु ६ गतेबाट पहिलोचरणको आन्दोलन सुरु गरिएको हो । सोहीक्रममा नेपाल शिक्षक महासंघ आन्दोलन परिचालन समिति बागमती प्रदेशले बिहीबार ७ वटै प्रदेशका मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

यसअघि शिक्षक महासंघको अगुवाइमा स्थानीय सरकारदेखि शिक्षा विकास तथा समन्वय ईकाई प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाइसकेको छ । शिक्षा ऐन जारीको माग गर्दै काठमाडौंको सिंहदरबार केन्द्रित रहेर फागुन २४ गते आन्दोलन गरिँदैछ ।

# मकवानपुरगढीमा शुक्रबारबाट टी-१० क्रिकेट हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा आज शुक्रबारबाट टी-१० क्रिकेट प्रतियोगिता सुरु हुँदैछ । मकवानपुरगढी क्रिकेट क्लबसँगको सहकार्यमा मकवानपुर गढी खेलकुद विकास समितिद्वारा फागुन १६ गतेदेखि १८ गते आइतर बारसम्म टी-१० क्रिकेट प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिता मकवानपुर गढी गाउँपालिका-२ स्थित कुर्ले खेलमैदानमा हुनेछ । मकवानपुरगढी गाउँपालिकामा पालिकाको सहयोगमा पहिलोपटक क्रिकेट प्रतियोगिता आयोजना हुन लागेको हो । मकवानपुरगढी क्रिकेट क्लबका सचिव रबि सापकोटाका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ३० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टोलीले नगद २० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा मकवानपुर गढीका ६ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगिता लिग र नकआउट दुबै चरणमा खेलाइने छ । सहभागी ६ टोलीलाई ३-३ टोली गरी (समूह ए र वि)दुई समूहमा विभाजन गरिएको छ । समूहचरणको खेल लिग सिंगल राउण्ड हुनेछ । समूहचरणको लिगमा विजेता र उपविजेता हुने टोलीले सेमिफाइनलमा स्थान पाउनेछ । सेमिफाइनलमा समूह ए को विजेताले समूह बि को उपविजेतासँग र समूह बि को विजेताले समूह ए को उपविजेतासँग फाइनल प्रवेशका लागि भिड्नेछ ।

समूह ए मा सनराइज युवा क्लब, मक्रान्चुली रेड र मक्रान्चुली लाइट रहेका छन् भने समूह बि मा वडा नम्बर ५, वार्ड २ भालुन्टार र गढीदरबार (जीडी) स्पोर्टस् रहेका छन् । आयोजकका अनुसार उद्घाटन खेलमा सनराइज युथ क्लब र मक्रान्चुली रेड भिड्ने छन् । दुई दिनसम्म सञ्चालन हुने प्रतियोगिताको पहिलो र दोस्रो दिन समान ४-४ वटा खेल हुनेछ ।

लिगचरणको दोस्रो खेल वडा नम्बर ५ र वार्ड २ भालुन्टार, तेस्रो मक्रान्चुली रेड र मक्रान्चुली लाइट, चौथो वार्ड २ भालुन्टार र जीडी स्पोर्टस्, पाँचौ सनराइज र मक्रान्चुली लाईट, छैटौं खेल वडा नम्बर ५ र जीडी स्पोर्टस्बीच हुनेछ । मकवानपुरगढी गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने खेलाडीले मात्रै सहभागिता जनाउन पाउने बताइएको छ ।

# निजी विद्यालय नभए सामुदायिक विद्यालय निदाउँथेः मुख्यमन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले शिक्षा नै विकासको मेरुदण्ड भएको बताएका छन् ।

हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल माध्यमिक विद्यालयको ४३ औं अभिभावक दिवसको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले शिक्षाबिना विकासको कल्पना गर्न नसकिने बताए । 'शिक्षा नराम्रो भयो भने सबै क्षेत्रको विकास परि कल्पना गर्न बेकार हुन्छ, त्यसैले हामीले शिक्षालाई विकासको मेरुदण्डको रुपमा राखेको हौं' उनले भने । गलत शिक्षाबाट देश र समाजको पनि विकास नहुने उनको भनाई छ । मुख्यमन्त्री लामाले निजी विद्यालयको शिक्षाक्षेत्रमा ठुलो योगदान गरी रहेको जिकिर गरे । निजीक्षेत्रका विद्यालयले सामुदायिक विद्यालयलाई ठुलो चुनौती थपेको समेत उनको भनाई छ ।

प्राइभेट विद्यालय नभएको भए सामुदायिक विद्यालय निदाएर बस्ने थिए' मुख्यमन्त्री लामाले भने । मुख्यमन्त्री लामाले विद्यालय शिक्षा प्रदेश सरकारको एकल अधिकार भित्र नपर्दा चाहेजति काम गर्न नसकेको बताए । 'विद्यालय शिक्षा प्रदेशको एकल अधिकारभित्र पर्दैन, हामीले स्थानीय सरकारले शिक्षाको गुणस्तर सुधार गर्न समन्वय गरेका छौं' उनको भनाई थियो । स्थानीय र संघ सरकारको जति संरचना प्रदेश सरकारसँग नभएको मुख्यमन्त्री लामाले गुनासो गरे । प्रदेश सरकारको एकल अधिकारअन्तर्गत रहेर विश्व विद्यालय स्थापनाको अवधारणा अघि सारेको उनको भनाई छ ।

मुख्यमन्त्री लामाले केन्द्र र स्थानीय सरकारको संरचनामा टेकेर काम गर्नुपर्दा धेरै पापड बेल्नुपरेको समेत जिकिर गरे । 'केन्द्र र प्रदेशको संरचनामा काम गर्नुपर्दा विश्वविद्यालय सञ्चालनको लागि हामीले धेरै पापड बेल्नुपरेको छ' उनले थपे । कार्यक्रममा विद्यार्थीले विभिन्न मनोरञ्जनात्मक नृत्य प्रस्तुत गरेका थिए ।

विद्यालयका प्रिन्सीपल रघुनाथ खरालको सभाध्यक्षतामा भएको कार्यक्रममा ४ नं. वडाअध्यक्ष नवीन सिग्देल, १० नं. वडाअध्यक्ष फुर्वादोर्जे लामा, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# गैससको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ विश्व गैरसरकारी संस्था दिवसको अवसरमा गैरसरकारी संस्था महासंघ नेपाल मकवानपुर शाखाले शुभकामना आदानप्रदान गरेको छ ।

गैसस मकवानपुरकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षता एवम् केन्द्रीय सचिव बुद्धशरण लामाको प्रमुख आतिथ्यमा शुभकामना आदानप्रदान भएको हो । कार्यक्रममा प्रमुखअतिथि लामाले तीनैतहको सरकार र गैससबीच समन्वय सहकार्यको आवश्यकता रहेको बताएका छन् । समाज परिवर्तनमा गैससको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सचिव लामाले गैससलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्नेमा जोड दिए ।

जिल्ला अध्यक्ष सापकोटाले गैससको इतिहास, भूमिकालगायतबारे जानकारी दिइन् । राज्य पुग्न नसकेको स्थानमा गैससको प्रभावकारी उपस्थिति रहेको उनले बताइन् । कार्यक्रममा पूर्वसल्लाहकार प्रकाश खतिवडाले पनि शुभकामना व्यक्त गरेका थिए ।

यसैबीच फागुन २६ र २७ गते काठमाडौंमा हुने गैसस केन्द्रको दशौं अधिवेशन तथा राष्ट्रिय महाधिवेशनका लागि मकवानपुरबाट २० जना प्रतिनिधि छनोट गरिएको अध्यक्ष सापकोटाले जानकारी दिइन् ।

# वरिष्ठ अधिवक्ता, कर्मचारी सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ उच्चअदालत बार एशोसिएशन हेटौंडाले साधारणसभाको अवसरमा वरिष्ठ अधिवक्तादेखि कर्मचारीलाई सम्मान गरेको छ ।

बिहिबार भएको एशोसिएशनको साधारणसभा तथा अधिवेशनको अवसरमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद कँडेल, ईश्वर राज ढकाल, रामेश्वारप्रसाद कोइराला, बाबुराम दाहाल, ध्रुवप्रसाद चौलागाईलाई सम्मानित गरिएको हो । यस्तै कार्यालय सहयोगी ज्ञानु परियारलाई पनि सम्मानित गरिएको छ ।

एशोसिएशनका निवर्तमान अध्यक्ष सुशीलकुमार पोखरेल, अधिवक्ता रिमा प्याकुरेल, प्रकाशन समितिका संयोजक शिवप्रसाद बन्जारा, सदस्य सुवासचन्द्र अधिकारी, सदस्य सुजन तिमल्सिना, अर्थ समितिकी संयोजक श्रद्धा ढुंगाना, सदस्य मोहनप्रसाद ढकाल, सम्पत काफ्लेलाई प्रशंसापत्र प्रदान गरिएको छ । उच्चअदालत पाटन हेटौंडाकी न्यायाधीश यमुना भट्टराईको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा उच्चअदालत बारका अध्यक्ष अरुणप्रसाद खतिवडाले अध्यक्षको प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रममा उच्चअदालत बारका पूर्वअध्यक्षाहरु, वरिष्ठ अधिवक्ताहरु, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्ने वक्ताहरुले बार र अदालतमा समन्वय र सहकार्य जरुरी भएको बताएका थिए ।

न्याय सम्पादनमा स्वच्छता ल्याउन बार र अदालत एकढिक्का भएर अगाडि बढ्नुपर्ने उनीहरुको भनाई थियो । उच्चअदालत बार एशोसिएशन हेटौंडाको अधिवेशन फागुन १७ गते हुनेछ ।

# मोटरसाइकलले ठक्कर दिँदा १ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडामा मोटरसाइकलले ठक्कर दिँदा एकजना पैदलयात्रीको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-६ मा मोटरसाइकलको ठक्करबाट हेटौंडा-६ रामनगर बस्ने ६१ वर्षीय कमलबहादुर बोहराको मृत्यु भएको हो ।

हेटौंडा उपमहानगर पालिका-६ सल्लाघारीनजिकै भित्री सडकखण्डमा रामनगरतर्फबाट हात्तिलेटतर्फ आउँदै गरेको ना ५४ प १८७६ नम्बरको मोटरसाइकलको ठक्करबाट बोहराको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका बोहराको उपचारका क्रममा चितवन मेडिकल कलेजमा बिहीबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । ठक्कर दिने चालक र मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# हेटौंडामा मनाइयो मगर संघ स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/४३ औं मगर संघ स्थापना दिवस बिहिबार हेटौंडामा वृहत सास्कृतिक कार्यक्रम गरी भव्य रुपमा मनाईएको छ ।

नेपाल मगर संघ जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा कार्यक्रम भएको हो । हेटौंडाको बुद्धचोकदेखि कार्यक्रम स्थल हुप्राचौर सम्म झाँकी सहितको ¯याली निकालिएको थियो । मगर संघ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष सन्देश मगरको सभाअध्यतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमको उद्‌टन गर्दै नगरप्रमुख लामाले मुलुकमा लोकतन्त्र स्थापनापश्चात् सबै जातजाति र धर्मावलम्बी संगठित भएर अगाडि बढ्ने अवसर पाएको बताइन् । भाषा र संस्कृति लोप भएमा जातीय पहिचान नै संकटमा पर्ने भएकाले सबै जातजातिले आफ्नो भाषा र संस्कृति जर्गेर्ना गर्न उनले आग्रह गरिन । यसैगरी कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गायिका राधिका हमाल, शशी पुनमगर, लोक तथा दोहोरीगायक अजीत लोप्चनलगायतले गायन र स्थानीय कलाकारले मगर सस्कृति झल्कने कौरा, मारुनी, घाटु, हुर्रा नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा मगर समुदायको मौलिक परिकारको स्टल राखिएको थियो । मकवानपुरमा झन्डै २२ हजार मगर समुदायको जनसंख्या रहेको छ । बर्षेनि फागुन १५ गतेलाई मगर संघले स्थापना दिबसको रुपमा मनाउने गरिन्छ । यस प्रकारका कार्यक्रमवाट मगर एकता र मगर संस्कृतिको जगेर्ना हुने बिश्वास लिएका छन् । मगर समुदायको माघे संक्रान्ति, लखन थापा स्मृतिदिवस, अरुण स्मृतिदिवस, संघ स्थापना दिवस, बुद्धपूर्णिमा, धान्यपूर्णिमालगायत मुख्य चाड तथा दिवस रहेका छन् ।

# रोचक बन्दै शिक्षक भलिवल, शुक्रबार फाइनल खेल

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगरसमितिको आयोजनामा फागुन १४ गतेदेखि सञ्चालन भइरहेको थाहानगर प्रथम नगरस्तरीय रनिङ शिल्ड शिक्षक भलिवल प्रतितयोगिता थप रोचक बन्दै गएको छ ।

थाहा नगरभित्रका १२ वटा विद्यालयको सहभागिता रहेको खेलमा महिला र पुरुष शिक्षक एउटै समूहबाट खेल्दा खेल अझै रोचक बनेको छ । खेलमा अपाङ्गता भएका शिक्षकदेखि सेवानिवृत्तनजिक उमेरका शिक्षक समेत उत्साहजनक ढंगले सहभागी भएपछि खेल रोचक बनेको हो ।

फागुन १५ गते सम्पन्न क्वाटरफाइनल खेलमा स्वच्छन्दभैर व माविलाई पराजित गर्दै महाकाल आधारभूत विद्यालय सेमीफाइनलमा प्रवेश गरेको छ ।

बागेश्वरी माविलाई पराजित गर्दै जनकल्याण मावि, सुनौला माविलाई पराजित गर्दै मत्स्यनारायण मावि सेमीफाइनल प्रवेश गरेको छ । क्वाटरफाइनलमा दुर्गादेवी आधारभूत विद्यालय अनुपस्थित भएपछि सुन्दरीदेवी मावि पनि सेमीफाइनल प्रवेश गरेको छ । फागुन १६ गते पहिलो सेमीफाइनल खेल जनकल्याण मावि र महाकाल आवि र दोस्रो सेमीफाइनल खेल सुन्दरीदेवी मावि र मत्स्यनारायण माविबीच विहान ८ बजेदेखि सुरु हुनेछ । खेलको समापन तथा पुरस्कार वितरण दिउँसो हुने संगठनका अध्यक्ष मनोज लामिछानेले जानकारी दिए ।


## अधिकृत वारेस बदरको सूचना

कुल बहादुर खत्रीको छोरा सिन्धुपाल्चोक जिल्ला पिस्कर गा.वि.स वडा नं ४ को हाल परिवर्तित त्रिपुरासुन्दरी गा.पा वडा नं ४ बस्ने वर्ष ६२ को सम्भु खत्रीले लमजुङ जिल्ला मस्याङ्दी गा.पा वडा नं ९ बस्ने धिर बहादुर थापाको छोरी वर्ष ३७ की मज्जु थापा उपर चेक अनादर मुद्दा नं ०७८-C4-०४२१ को मुद्दामा मिति २०८०-०३-२२ मा मुद्दाको काम कारवाही गर्नका लागी सिन्धुपाल्चोक जिल्ला त्रिपुरासुन्दरी गा.पा वडा नं ४ बस्ने वर्ष ४० की पद्यमा खत्रीलाई अधिकृत वारेस मुकरर गरेकोमा सो अधिकृत वारेस मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १५५ (१) (ग) बमोजिम आजका मितिबाट अधिकृत वारेस बदर गरी यो सूचना प्रकाशित गरिएको छ ।



## हेटौंडा उपमहानगरपलिका
## ५ नं. वडा कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आगलागी घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं**

- सलाई, लाईटर, मट्टीतेल र ग्यास जस्तो आगो लाग्ने सामाग्रीहरुलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्,
- आगो लाग्ने समय भएकोले बिशेष सावधानी अपनाउनुहोस् ।
- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।

*आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।*



## बालबालिकामा शिक्षाको पहुच पुऱ्याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिकामैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- वालवालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

यस नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने हुँदा सम्पुर्ण सदस्य व्यवसायीज्यूहरुलाई अनिवार्य उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु ।

**मिति :** २०८१।११।१७ गते, शनिबार ।
**स्थान :** पल्पसा सभाहल, हेटौंडा ।
**समय :** बिहान ८:०० बजे ।
(**पुनश्चः** सोहि दिन बिहान ७:३० बजेदेखि नेपाल मेडिसिटि अस्पताल, काठमाडौंका बिशेषज्ञ डाक्टरहरुबाट स्वास्थ्य परिक्षण समेत हुने व्यहोरा अवगत गराईन्छ।)

**सरोजकुमार खनाल**
**महासचिव**
**नारायणी यातायात व्यवसायी संघ**
**हेटौंडा, मकवानपुर**



## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुटुने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशनः कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना